धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस् "हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३ ◆ २०८३ साउन ३ गते आईतबार, Sunday, July 19, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## नागढुङ्गा सुरुङमार्गमा दौड

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । सडक विभाग र जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) नेपालको आयोजनामा शनिबार नागढुङ्गा सुरुङमार्गमा 'नागढुङ्गा टनेल रन एण्ड वाक' गरिएको छ । नागढुङ्गा सुरुङमार्गको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै यसको प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार दौड तथा पदयात्रा गरिएको हो ।

नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना कार्यालयका निर्देशक सौजन्य नेपालले नागढुङ्गा सुरुङमार्गको विषयमा सर्वसाधारणलाई आवश्यक जनचेतना अभिवृद्धि गर्ने र जानकारी गराउने उद्देश्यले 'नागढुङ्गा टनेल रन एण्ड वाक' प्रवर्द्धनात्मक कार्यक्रम गरिएको जानकारी दिनुभयो । नागढुङ्गा-नौबिसे सुरुङमार्गअन्तर्गत दुई हजार ६८८ मिटर लम्बाइ रहेको छ । सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना सन् २०२३ अप्रिल २६ भित्रै सम्पन्न हुनुपर्नेमा ठेकेदार कम्पनीको ढिलासुस्ती र स्थानीयवासीको अवरोधका कारण यो आयोजनाको काममा ढिलाइ भएको हो ।

आयोजना निर्देशक नेपालले साउनभित्रै नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा ल्याउने बताउनुभयो । आयोजनाका अनुसार काठमाडौं प्रवेश तथा बाहिरिने नागढुङ्गा-नौबिसे नाका हुँदै दैनिक औसतमा दुई पाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा बढी साना तथा ठूला सवारीसाधन गुड्छन् ।

आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिनेमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिनुभयो । आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुई पाङ्ग्रे सवारीसाधन भने चलाउन पाइने छैन ।

## धादिङको भुलभुलेमा जमिन चर्किंदा चार घरमा क्षति, ३० घरधुरी उच्च जोखिममा

❑ प्रत्यूष समाचारदाता



धादिङबेशी । धादिङको नीलकण्ठ नगरपालिका-२ स्थित भुलभुले क्षेत्रमा जमिनमा धाँजा फाट्नुका साथै चारवटा घर चर्किएपछि तल्लो र माथिल्लो भुलभुलेका करिब ३० घरधुरी पहिरोको उच्च जोखिममा परेका छन् । जोखिम बढेसँगै प्रभावित परिवारका सदस्य सुरक्षित स्थानमा बस्न थालेका छन् ।

स्थानीयवासीका अनुसार तीन दिनदेखिको निरन्तर वर्षा र धादिङबेसी खानेपानी आयोजनाको मुख्य पाइप फुटेर पानी जमिनभित्र पसेपछि माटो खस्ने, भूभाग भासिने र धाँजा फैलिने क्रम बढेको हो । लिबहादुर गुरुङ र भरत गुरुङलगायतका चार परिवार घर चर्किएपछि छिमेकीको घरमा आश्रय लिएर बसेका छन् । नीलकण्ठ नगरपालिकाको विपद् व्यवस्थापन शाखाका अर्जुनकुमार श्रेष्ठले भुलभुले क्षेत्रका ३० घरधुरी जुनसुकै बेला पहिरो जान सक्ने जोखिममा रहेको जानकारी दिए । उनका अनुसार खेतका गह्रा, बारी र बस्तीमुनिको भूभागमा समेत धाँजा देखिएको छ । यसअघि बागमती प्रदेश सरकारको सहयोग र नीलकण्ठ नगरपालिकाको सहकार्यमा करिब ६५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको ग्याबिन पर्खालसमेत भासिएर क्षतिग्रस्त भएको छ ।

पाइपको उचित व्यवस्थापन नहुँदा संरचनामा क्षति पुगेको स्थानीयको भनाइ छ । प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय गौतमले जोखिमबारे जानकारी प्राप्त भएको पुष्टि गर्दै नगरपालिका, डिभिजन खानेपानी कार्यालय र धादिङबेसी खानेपानी मूल उपभोक्ता समितिसँग समन्वय भइरहेको बताइन् । वास्तविक कारण पहिचान गर्न प्राविधिकसहितको टोली तत्काल पठाइने उनको भनाइ छ ।

स्थानीयले बस्तीभित्रबाट लगिएको मुख्य पाइप हटाएर सडकको नालासँगै व्यवस्थित नयाँ लाइन विस्तार गर्न माग गरेका छन् । सम्भावित पहिरोले अरुणखोला थुनेमा धादिङबेसी बजारसमेत जोखिममा पर्न सक्ने बताइएको छ ।

## जङ्गली च्याउ खाएर बिरामी भएका एक जनाको मृत्यु

❑ प्रत्यूष समाचारदाता

दाङ । तुलसीपुरमा जङ्गली च्याउ खाएर बिरामी भएका एक जनाको मृत्यु भएको छ । तुलसीपुर उपमहानगरपालिका-३ बल्लेकी ३६ वर्षीया दीपा पुन मगरको शनिबार मृत्यु भएको हो ।

गत असार ३१ गते जङ्गलबाट ल्याएको च्याउ खाँदा दुई परिवारका सात जना बिरामी परेका थिए । च्याउ खाएर बिरामी परेकामध्ये दुई जनालाई घरयासी उपचार गरिएको थियो । अन्य पाँच जनालाई अस्पताल लगिएको थियो । घोराहीमा उपचार सम्भव नभएपछि शिक्षण अस्पताल कोहलपुर लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

## पन्ध्र वर्षदेखिको जग्गा विवाद समाधान गर्ने प्रयासमा मन्त्री पोखरेल

❑ प्रत्यूष समाचारदाता

चितवन । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले यहाँस्थित रामपुर कृषि क्याम्पस र कृषि तथा वन विज्ञान विश्वविद्यालयको अनुगमनसँगै दुई संस्थाबीचको १५ वर्षदेखिको जग्गा विवाद समाधानको प्रयास प्रारम्भ गर्नुभएको छ ।

रामपुर कृषि क्याम्पस त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस हो भने कृषि तथा वन विज्ञान विश्वविद्यालय छुट्टै विश्वविद्यालय हो । मन्त्री पोखरेलले दुवै संस्थाको शैक्षिक, अनुसन्धान तथा प्रशासनिक गतिविधि, पूर्वाधार र प्रयोगशालाको अवलोकन गरी क्याम्पस तथा विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक, कर्मचारी र सरोकार भएकासँग छलफल गर्नुभयो । रामपुर कृषि क्याम्पस र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीच लामो समयदेखिको जग्गा विवादका कारण दुवै संस्थाको शैक्षिक विकास, पूर्वाधार विस्तार तथा दीर्घकालीन योजना प्रभावित भएको विषय उठाइएको थियो ।

शिक्षामन्त्री पोखरेलले सरकारले समन्वयात्मक र कानुनी प्रक्रियामार्फत गर्ने बताउँदै रामपुर कृषि क्याम्पस र कृषि तथा वन विज्ञान विश्वविद्यालय दुवैको शैक्षिक हित सुरक्षित हुने गरी समाधान खोजिने स्पष्ट पार्नुभयो । यी शैक्षिक संस्थाहरु नेपालको कृषि शिक्षा, अनुसन्धान, प्रविधि विकास तथा दक्ष जनशक्ति उत्पादनका महत्वपूर्ण आधार भएकाले कुनै पनि संस्थालाई कमजोर बनाउने नभई दुवैलाई थप सुदृढ र प्रभावकारी बनाउने उद्देश्यका साथ सरकारले आवश्यक पहल गर्ने बताउनुभयो । सरोकारवालाहरूले सरकारको सक्रिय पहलबाट १५ वर्षदेखि कायम विवाद अन्त्य भई दुवै संस्थाको शैक्षिक तथा अनुसन्धान गतिविधिले नयाँ गति लिने विश्वास व्यक्त गरेका छन् । अनुगमनमा प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकाल र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सदस्य प्रभा ढकाल तथा शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकारद्वय शैलेन्द्र झा र सरोज गौतम सहभागी हुनुहुन्थ्यो ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुयाउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।
- कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड


## पछिल्लो २४ घण्टामा ५२१ सवारीचालक कारबाहीमा

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । काठमाडौं उपत्यकामा पछिल्लो २४ घण्टामा ५२१ जना सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयलका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशप्रसाद सुवेदीका अनुसार कारबाहीमा परेकाहरुमा मादकपदार्थ सेवन गरेका ३०, यान्त्रिक कारबाहीमा १२, सङ्केत बत्ती उल्लङ्घनकर्ता २६ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका ६६ जनालाई कारबाही गरिएको छ । यसैगरी, अवस्था ठीक नभएको सात, निषेधित क्षेत्रमा हर्न बजाउने ३२, सडक फुटपाथ पार्किङमा १९, एकतर्फीमा छ र अन्य सवारी नियम पालना नगरेका ३२३ जना रहेको जनाइएको छ ।


८० Mbps देखि ३०० Mbps सम्म इन्टरनेट अब खोजे जस्तो, रोजे जस्तो
SUBISU IT JUST WORKS
गाउँदेखि सहर SUBISU इन्टरनेटको लहर
9801235888

*सम्पादकीय ....*

## सकारात्मक सोचको आवश्यकता

सामाजिक सञ्जाल सूचना, विचार र अभिव्यक्तिको प्रभावकारी माध्यम बनेको छ। तर पछिल्लो समय त्यहाँ निराशा, आक्रोश, अविश्वास, अपमान र नकारात्मक टिप्पणीको मात्रा बढ्दै गएको देखिन्छ। समाजमा रहेका वास्तविक समस्या उठाउनु आवश्यक भए पनि हरेक विषयलाई निराशा, दोषारोपण र असफलताको दृष्टिले मात्र हेर्ने प्रवृत्तिले व्यक्तिको मनोबल, सामाजिक सम्बन्ध र सामूहिक आशामा गम्भीर असर पार्न सक्छ। यस्तो अवस्थामा सकारात्मक सोचलाई केवल व्यक्तिगत गुणका रूपमा होइन, सामाजिक स्वास्थ्यको आधारका रूपमा बुझ्न जरुरी छ।

नकारात्मक सामग्री छिटो फैलिने र बढी प्रतिक्रिया पाउने प्रवृत्तिले सामाजिक सञ्जालको वातावरणलाई असन्तुलित बनाएको छ। निरन्तर आलोचना, गाली, अफवाह, तुलना र असफलताको चर्चा मात्र देखिरहँदा विशेषगरी युवा पुस्तामा हीनभावना, तनाव र भविष्यप्रतिको अविश्वास बढ्न सक्छ। समस्या देख्नु र प्रश्न गर्नु लोकतान्त्रिक चेतनाको हिस्सा हो, तर समाधानको सम्भावना नै नदेख्ने गरी निराशा फैलाउनु जिम्मेवार अभिव्यक्ति होइन। यसले समाजमा अविश्वास बढाउनुका साथै नागरिकलाई सार्वजनिक सहभागिता र सिर्जनात्मक प्रयत्नबाट समेत टाढा पुऱ्याउन सक्छ। सकारात्मक सोच भनेको समस्या नदेखेझैं गर्नु वा कमजोरी ढाकछोप गर्नु होइन। यसको अर्थ समस्या स्वीकार गर्दै समाधानको बाटो खोज्नु, असफलताबाट सिक्नु, अरूको सफलताबाट प्रेरणा लिनु र आफ्नो क्षमताप्रति विश्वास राख्नु हो। सकारात्मक दृष्टिकोणले व्यक्तिलाई धैर्यवान, सिर्जनशील र लक्ष्यप्रति प्रतिबद्ध बनाउँछ। परिवार, विद्यालय, कार्यस्थल र समुदायमा यस्तो सोचको विकास हुँदा सहकार्य, विश्वास र आपसी सम्मान पनि बलियो हुन्छ।

सामाजिक सञ्जाल प्रयोगकर्ताले अभिव्यक्ति स्वतन्त्रतासँगै सामाजिक जिम्मेवारी पनि वहन गर्नुपर्छ। पुष्टि नभएका सूचना नफैलाउने, अपमानजनक टिप्पणीबाट जोगिने, उपलब्धि र प्रेरणादायी प्रयासलाई स्थान दिने तथा आलोचनासँगै विकल्प प्रस्तुत गर्ने संस्कार विकास गर्न आवश्यक छ। सञ्चारमाध्यम, शिक्षक, अभिभावक, सामाजिक अभियन्ता र सार्वजनिक व्यक्तित्वले आशा, आत्मविश्वास र रचनात्मक बहस प्रवर्द्धन गर्ने सामग्रीलाई प्राथमिकता दिनुपर्छ। राज्य र सम्बन्धित निकायले डिजिटल साक्षरता, मानसिक स्वास्थ्य सचेतना र जिम्मेवार सामाजिक सञ्जाल प्रयोगसम्बन्धी अभियान सञ्चालन गर्नुपर्छ। विद्यालय तहदेखि नै भावनात्मक शिक्षा, आलोचनात्मक सोच र स्वस्थ संवादको अभ्यास गराउन सकिन्छ। प्रविधि कम्पनीले पनि घृणा, दुर्व्यवहार र भ्रामक सामग्री नियन्त्रणमा प्रभावकारी संयन्त्र लागू गर्नुपर्छ। यही अभ्यासबाट स्वस्थ डिजिटल संस्कृति निर्माण हुन्छ।

समाजका समस्या वास्तविक छन्, तर समाधानका सम्भावना पनि उत्तिकै वास्तविक छन्। निराशा फैलाउनेभन्दा आशा जगाउने, दोष देखाउनेभन्दा सुधारको बाटो सुझाउने र असफलतामा रोकिनुभन्दा प्रयासलाई निरन्तरता दिने सोच आजको आवश्यकता हो। सकारात्मक सोचले मात्र व्यक्ति सफल हुने होइन, समाजलाई पनि सहिष्णु, जिम्मेवार र प्रगतिशील दिशातर्फ अघि बढाउन मद्दत गर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# पर्यटनमा रणनीतिक बजारीकरणको खाँचो

*सुरेशसिंह बुडाल*

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, धार्मिक सम्पदा र हिमाली पर्यटनका कारण विश्वभर परिचित देश हो। हिमाल, पहाड र तराईको बेजोड प्राकृतिक सौन्दर्यता तथा उपजहरु, राष्ट्रिय निकुञ्ज, ऐतिहासिक सम्पदा तथा विभिन्न जातजातिका मौलिक संस्कृति नेपालको पर्यटन क्षेत्रका प्रमुख आकर्षण हुन्। यति धेरै सम्भावना हुँदाहुँदै पनि अन्तरराष्ट्रिय बजारीकरण प्रभावकारी हुन नसक्दा अपेक्षित रूपमा पर्यटकको आगमन बढाउन सकिएको छैन। हाल पर्यटकस्तरीय होटलमा करिब ४० लाख शय्या (बेड) छन्, पूर्वाधारमा पनि उल्लेख्य सुधार भएको छ, दुई वटा थप अन्तरराष्ट्रिय विमानस्थल निर्माण भइसकेका छन् तर विदेशी पर्यटकको सङ्ख्यामा अपेक्षित सुधार आउन सकेको छैन। माग र आपूर्तिबीच सन्तुलन नमिल्दा यो समस्या देखिएको हो। गन्तव्यको माग वृद्धिका लागि रणनीतिक, सघन र प्रभावकारी बजारीकरण अपरिहार्य छ।

कोभिड-१९ महामारीपछि नेपालको पर्यटन क्षेत्र विस्तारै पुनर्जीवित हुँदै गएको छ। विदेशी पर्यटकको आगमन बढ्दै गएको छ भने आन्तरिक पर्यटन पनि उल्लेखनीय रूपमा विस्तार भएको छ। वर्तमान अवस्थामा पर्यटन क्षेत्रमा केही सकारात्मक संकेत देखिए पनि दीर्घकालीन योजना, पूर्वाधार विकास र गुणस्तरीय सेवा प्रवाहमा अझै धेरै सुधार आवश्यक छ।

पर्यटन क्षेत्रलाई दिगो विकास, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउन स्पष्ट योजना, प्रभावकारी बजारीकरण योजना तथा कार्यान्वयन र सबै पक्षको साझा प्रतिबद्धता आवश्यक छ। पर्यटन केवल मनोरञ्जनको माध्यम मात्र होइन, देशको आर्थिक समृद्धि, सांस्कृतिक पहिचान र अन्तर्राष्ट्रिय छवि सुदृढ गर्ने महत्वपूर्ण क्षेत्र पनि हो। त्यसैले पर्यटनका विद्यमान चुनौतीलाई समयमै समाधान गर्दै सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्नु आजको प्रमुख आवश्यकता हो।

अब के गर्ने त ?

आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन। पर्चा, पम्प्लेट र ब्रोसर बाँडेर पर्यटक आउने होइन–कुनै समय यिनै प्रचारका मुख्य माध्यम थिए, तर अहिले यसले काम गर्दैन। अन्तर्राष्ट्रिय ठूला सञ्चार माध्यममार्फत प्रचारप्रसार गर्नुपर्छ। हाम्रा पर्यटकीय उपजहरु सबै एकैखालका छैनन्। त्यसैले कस्ता पर्यटकहरूले कुन उपजहरु अनुभव गर्न चाहन्छन् भन्ने आधारमा लक्षित बजारीकरण आवश्यक छ। सांस्कृतिक, प्राकृतिक एवं साहसिक पर्यटन नै हाम्रो मुख्य आकर्षणका क्षेत्र हुन्। पर्यटकका आ-आफ्नै रुचि, क्षमता र अनुभव हुने भएकाले उनीहरूलाई त्यसैअनुसारको स्वाद चखाउन सक्नुपर्छ।

विश्व पर्यटनकै सबैभन्दा ठूलो पर्यटन स्रोत बजार आज पनि चीन नै हो। झन्डै १७ करोड ५० लाखभन्दा बढी चिनियाँ पर्यटक वर्षेनि विश्व भ्रमणमा निस्कने गर्छन्। त्यसको शून्य दशमलव शून्य एक प्रतिशत मात्र नेपाल आउने गरेको तथ्याङ्क हामी माझ छ। त्यसैगरी त्यस्तै भारतका तीन करोड पर्यटक वार्षिक रूपमा विदेश भ्रमण गर्छन् तर तिनको एक प्रतिशत पनि नेपाल आउँदैनन्। अन्य सार्क देशका पर्यटकको आगमन पनि अत्यन्त न्यून रहेको छ। भूराजनीतिक द्वन्द्वका कारण हवाई यातायात एकदम महँगो र नेपालको लामो दूरीका स्रोत बजारहरुसँगको को सम्पर्क पहुँच (कनेक्टीभिटी) कमजोर भएको परिवेशमा विश्वका दुई ठूला अर्थतन्त्र, जनसंख्या र पर्यटकहरुको उपस्थिति भएका देशहरु भारत र चीन सँगसँगै क्षेत्रीय स्रोत बजारहरुमा नेपालले आफूलाई प्रतिस्पर्धी र आकर्षक गन्तव्यका रूपमा प्रमाणित गर्न रणनीतिक बजारीकरणमा जानैपर्छ। नेपाल भ्रमण गर्नुअघि पर्यटकहरूले यहाँका गन्तव्यहरूबारे जानकारी, शान्ति-सुरक्षा, सेवा-सुविधा लगायत विभिन्न सहुलियत प्याकेजबारे चासो राख्ने गर्छन्। सबै पर्यटक यहाँका प्राकृतिक सम्पदा हेर्न मात्र आउँदैनन्–कोही सांस्कृतिक सम्पदा र जीवनशैली अनुभव गर्न, कोही थप सुविधा वा सहुलियतका कारण नेपाल भ्रमण गर्न उत्सुक हुन्छन्। त्यसैले सबै खालका पर्यटकलाई आकर्षित गर्न विविध र रणनीतिक बजारीकरण आवश्यक हुन्छ।

चिनियाँ पर्यटकहरूलाई आफ्नो देशमा भित्र्याउन धेरै मुलुकले चीनमै आफ्ना सम्पर्क कार्यालय राख्ने, त्यहाँ विभिन्न प्रवर्द्धनात्मक क्रियाकलाप गराउने र स्थानीय स्तरमा आफ्ना प्रतिनिधि तयार गरी आफ्नो देशको प्रचारप्रसार गराउने गरेका छन्, जसका कारण उनीहरूले ठूलो संख्यामा चिनियाँ पर्यटक भित्र्याउन सफल भएका छन्। यस दिशामा नेपालले पनि पहल गर्नु आवश्यक छ। विभिन्न देशमा रहेका नेपाली दूतावासले नेपालबारे ती मुलुकलाई जति प्रभावकारी रूपमा अवगत गराउनुपर्ने हो, त्यसो हुन सकेको छैन। केवल औपचारिक जागिर वा भ्रमणको सोचले मात्र पर्यटक भित्र्याउन सकिँदैन। स्थानीय समुदायको सहभागिता बढाई पर्यटनबाट हुने आम्दानी गाउँ-गाउँसम्म पुऱ्याउन आवश्यक छ। यसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय कला, संस्कृति र उत्पादनको संरक्षणमा पनि योगदान पुऱ्याउँछ।

नवप्रवर्तन पर्यटन भनेको प्रविधिको उपयोगमार्फत पर्यटन अनुभवलाई नै नयाँ रूप दिनु हो। आजका पर्यटकले होटल बुकिङदेखि गन्तव्य छनोटसम्म कृत्रिम बौद्धिकता (एआई) मार्फत सहज र व्यक्तिगत सेवा खोज्ने गरेका छन् भने आभासी यात्रा पूर्वावलोकन, स्मार्ट यात्रा एप र यस्तै प्रविधिले पर्यटन अनुभवलाई थप सहज बनाइरहेका छन्। नेपालले पनि यस्तै प्रविधिमैत्री उपायहरू अपनाउनु आवश्यक छ–जस्तैः डिजिटल गन्तव्य म्याप, अनलाइन बुकिङ प्रणाली, र गन्तव्यगत जानकारी सहज रूपमा पाइने मोबाइल एपजस्ता सुविधा। यसले नेपालको पर्यटन प्रस्तुतीकरणलाई अन्तरराष्ट्रिय स्तरको बनाउनुका साथै साना तथा दुर्गम गन्तव्यहरूलाई समेत विश्व बजारसम्म पुऱ्याउन सहयोग गर्छ।

साहसिक, आरोग्य र नवप्रवर्तन–यी तीनवटै क्षेत्रलाई एकसाथ जोडेर बजारीकरण गर्न सके नेपालले फरक-फरक रुचि र क्षमता भएका पर्यटक समूहलाई एकैपटक आकर्षित गर्न सक्छ। उदाहरणका लागि, पदयात्रापछि हिमाली आरोग्य केन्द्रमा विश्राम गर्ने वा साहसिक यात्राको योजना नै डिजिटल एपमार्फत बनाउने प्याकेज नेपालका लागि नयाँ र आकर्षक उत्पादन हुन सक्छन्।

भारतसँगको माइस अवसर

भारत आज विश्वकै सबैभन्दा छिटो वृद्धि हुने बाह्य माइस(एमआईसिई) अर्थात बैठक, प्रोत्साहन यात्रा, सम्मेलन र प्रदर्शनी बजारमध्ये एक बनेको छ। भारतको स्वदेशी एमआइसिई बजार नै सन् २०२५ मा करिब ३७ अर्ब डलर बराबरको रहेकामा सन् २०३१ सम्ममा दोब्बरभन्दा बढी हुने प्रक्षेपण छ, भने बाह्य एमआइसिई खर्च पनि केही वर्षभित्रै १३ अर्ब डलरभन्दा माथि पुग्ने अनुमान गरिएको छ। नेपाल यसअघि नै भारतीय आउटबाउन्ड पर्यटकका शीर्ष रोजाइका गन्तव्यहरूमध्ये सूचीकृत भइसकेको छ र नेपाललाई नजिकको दूरी, विविध पर्यटकीय आकर्षण र परिवर्तित एवं सुदृढ पूर्वाधार (स्तरोन्नत विमानस्थल, अन्तर्राष्ट्रिय होटल शृङ्खलाको आगमन) कारण सम्भाव्य गन्तव्यका रूपमा उभ्याएको छ। काठमाडौं, पोखरा र चितवनजस्ता सहरहरूलगायत तराईका सीमावर्ती गन्तव्यहरूलाई सम्मेलन तथा कर्पोरेट प्रोत्साहन यात्राका लागि उपयुक्त पूर्वाधारसहित प्रस्तुत गर्नसके भारतीय कर्पोरेट क्षेत्रसहित रहेको ठूलो पर्यटक बजार तान्न सकिन्छ, जसले उच्च खर्च गर्ने र भ्रमण-अवधि लामो हुने पर्यटक ल्याउँछ।

डेस्टिनेसन वेडिङ (गन्तव्य विवाह) को सम्भावना भारतमा गन्तव्य विवाहको प्रचलन तीव्र गतिमा विस्तार भइरहेको छ। यस क्षेत्रको बजार आकार अरबौं डलर बराबर पुगिसकेको छ र वार्षिक रूपमा उच्च दरमा बढिरहेको छ, विशेषगरी हिमाली तथा प्राकृतिक पृष्ठभूमि भएका गन्तव्यहरूप्रति भारतीय जोडीहरूको आकर्षण उल्लेख्य रूपमा बढेको देखिन्छ। भारत सरकारले आफैं "वेड इन इन्डिया" जस्ता अभियानमार्फत यस क्षेत्रलाई नीतिगत प्राथमिकतामा राखेको छ, जसबाट यो उद्योग कति महत्वपूर्ण बन्दै गएको छ भन्ने देखिन्छ। उत्तराखण्ड, हिमाचल प्रदेशजस्ता भारतकै हिमाली गन्तव्यहरूमा पनि पहाडी पृष्ठभूमिका कारण विवाह आयोजना बढ्दो क्रममा छ–यसले नेपालका लागि प्रत्यक्ष प्रतिस्पर्धा र अवसर दुवै देखाउँछ।

नेपालका हिमाली दृश्यावलोकन हुने होटल-रिसोर्ट, ऐतिहासिक दरबार क्षेत्र र प्राकृतिक तालतलैया वरपरका स्थललाई विवाह-पर्यटन प्याकेजका रूपमा व्यवस्थित गरी भारतीय बजारमा लक्षित प्रवर्द्धन गर्न सके यसबाट राम्रो प्रतिफल लिन सकिन्छ। यस्ता आयोजनाले होटल, यातायात, सजावट, खानपानलगायत स्थानीय साना-ठूला व्यवसायमा समेत प्रत्यक्ष लाभ पुऱ्याउँछन्।

बोर्डको भूमिका महत्त्वपूर्ण

नेपाल पर्यटन बोर्ड सरकारको आधिकारिक निकाय हो। सरकार र निजी क्षेत्रबीच समन्वयकारी भूमिका निर्वाह गर्दै पर्यटकहरूका लागि प्रभावकारी र आधिकारिक सूचना प्रणाली निर्माण गर्नु यसको मुख्य काम हो। विश्व बजारमा नेपालको प्रचारप्रसार गर्ने र नेपाल भ्रमणमा आउने पर्यटकको सहजीकरण गर्ने कार्यमा बोर्डको भूमिका महत्वपूर्ण रहन्छ। बोर्ड स्थापनाको २८ वर्षको अवधिमा लिइएको वार्षिक १० लाख पर्यटक भित्र्याउने लक्ष्य आज पनि उही सेरोफेरोमा रहेको छ। यस अवधिमा माओवादी सशस्त्र द्वन्द्व, महाभूकम्प, कोरोना महामारी, तथा युक्रेन-रुस र इरान-इजरायल युद्धजस्ता आन्तरिक र बाह्य चुनौती नआएका होइनन् तर अन्तर्राष्ट्रिय बजारीकरण प्रभावकारी नहुँदा हामीले पर्यटन क्षेत्रमा उल्लेख्य आगमन हुनसक्ने अवस्था बनाउन सकेनौं।

आगामी दिनमा प्रतिस्पर्धी, गुणस्तरीय र दिगो पर्यटन विकासका लागि बोर्डले आफ्ना नीति, योजना र कार्यक्रममा आमूल सुधार गर्नु आवश्यक छ। विगतमा अपनाइएको बजारीकरणको तौरतरिका र शैलीले भविष्यमा पर्यटक आकर्षित गर्न सक्दैन। आन्तरिक पर्यटनले व्यवसायलाई गतिशील बनाउन सक्छ, तर विदेशी मुद्रा आर्जनका लागि विदेशी पर्यटक भित्र्याउनैपर्छ। हाम्रा गन्तव्यस्थललाई सुलभ र सहज बनाउनु आवश्यक छ, किनकी केवल हामीसँग यस्ता गन्तव्यस्थल छन् भनेर मात्र कोही भ्रमणमा आउँदैनन्–ती गन्तव्यस्थलबारे प्रभावकारी रूपमा जानकारी पुऱ्याउनुपर्छ। सूचना प्रविधिको वर्तमान विकासलाई ध्यानमा राखी हाम्रा बजारीकरण गतिविधि पनि त्यसैअनुरूप आधुनिकीकरण हुनु आवश्यक छ। ब्रोसर र म्याप हेरेर मात्र होइन, गुगल लगायत विभिन्न अन्तर्राष्ट्रिय सञ्जालसँग साझेदारी गरी आफ्ना गन्तव्य र सेवा-सुविधाबारे जानकारी पुऱ्याउन सकियो भने मात्र बढी पर्यटक भित्र्याउन सकिन्छ।

पर्यटन क्षेत्रका चुनौतीको समाधान सरकार र निजी क्षेत्रको सामूहिक प्रयासबाटै सम्भव छ, र यसमा बोर्डले समन्वयकारी भूमिका निर्वाह गर्न सक्नुपर्छ। पर्यटन क्षेत्रलाई दिगो र प्रतिस्पर्धी बनाउन सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच प्रभावकारी सहकार्य आवश्यक छ। हामीले पर्यटकमैत्री नीति, सुरक्षित वातावरण, गुणस्तरीय सेवा, व्यवस्थित पूर्वाधार, स्रोत बजारसँगको सम्पर्क विस्तार र डिजिटल प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ। साथै, पर्यटकलाई सहज सेवा उपलब्ध गराउन सूचना केन्द्र, आपत्कालीन उद्धार प्रणाली तथा दक्ष पर्यटन जनशक्ति विकासमा समेत लगानी बढाउनुपर्छ। पर्यटन क्षेत्रको नीति निर्माण र कार्यान्वयनबीच देखिने खाडल पनि सुधार्नुपर्ने देखिन्छ। (प्रस्तुत विचार पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत बुडालसँग गरिएको कुराकानीमा आधारित)

## पुस्तक समीक्षा

# कक्षाकोठामा ३५ वर्षले देखाएको शैक्षिक सुधारको बाटो

काठमाडौँ। "शिक्षक पाठ्यक्रम पूरा गर्नुपर्ने दवावमा हुन्छ। शिक्षकलाई थाहा छ, सिकाइ पूरा भएको छैन, विद्यार्थीले सिक्नुपर्ने जति सिकेको छैन तर अर्को पाठ सुरू गर्नुपर्ने बाध्यता भइदिन्छ।"

साढे तीन दशक सामुदायिक विद्यालयको शिक्षणमा संलग्न एक शिक्षकको यो स्वीकारोक्तिले हाम्रो नेपाली शिक्षण पद्धति र प्रक्रियालाई प्रतिविम्बित गर्छ। लेखक शिक्षक मात्रै रहेको भए सायद यस तहको स्वीकारोक्ति हुने थिएन होला।

शिक्षकका साथै लेखक र पत्रकारसमेत भएकाले आफ्ना काम र अनुभवको समीक्षालाई रचनात्मक अभिलेखीकरणसहित साहित्यिक कृतिका रूपमा पाठकमाझ लेखक गोविन्द लुइँटेलले अनुभवका राम्रा नराम्रा पक्षहरूलाई खुलेर पस्कनुभएको छ। हालै प्रकाशित पुस्तक 'कक्षाकोठामा ३५ वर्ष' का लेखक लुइँटेलले आफ्ना २१ अनुभव निबन्धलाई शिक्षा सुधारको मार्गमा हिँडाउनुभएको छ।

हरेक पृष्ठमा शिक्षकले आफूलाई भेट्न सक्ने शैलीमा लिएको पुस्तकमा शिक्षकले कसरी पढाउने वा सिकाउने ? पढाउन, सिकाउन र सिक्नमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको जिम्मेवारी कस्तो हुनुपर्छ ? जस्ता सवालहरू गहनरूपमा उल्लेख गरिएको छ।

वास्तवमा शिक्षण केवल पाठ्यपुस्तकको ज्ञान हस्तान्तरण गर्ने प्रक्रिया मात्र होइन, यो शिक्षक र विद्यार्थीबीचको निरन्तर संवाद, अनुभव, सम्बन्ध र जीवनबोधको यात्रा पनि हो। यही यात्राका विविध आयामलाई पत्रकार तथा लेखक लुइँटेलले आफ्नो निबन्धकृतिमा समेट्नुभएको छ। 'ओरिएन्टल पब्लिकेसन'द्वारा प्रकाशित कृतिका हरेक आलेखले नेपाली विद्यालय शिक्षाको भित्री संसारलाई नजिकबाट नियालेर त्यसको सारलाई प्रस्तुत गरेको छ। साढे तीन दशकभन्दा लामो शिक्षण अनुभव बोकेका लेखक लुइँटेलले पुस्तकमा शिक्षकका रूपमा आफूले भोगेका अनुभव, विद्यार्थीका स्वभाव र अपेक्षा, शिक्षण-सिकाइका चुनौती तथा सम्भावना, प्रधानाध्यापकको भूमिका, शिक्षक-अभिभावक सम्बन्ध र कक्षाकोठाका विविध गतिविधिलाई सरल, आत्मीय र संस्मरणात्मक शैलीमा गर्नुभएको छ। यस अर्थमा यो पुस्तक एक शिक्षक र लेखकको अनुभव मात्र नभई एउटा शिक्षकको व्यावसायिक जीवनयात्राको साक्षी भएको छ।

शिक्षालाई व्यवहार र अनुभवसँग जोडेर हेर्ने आफ्नो दृष्टि प्रस्तुत गर्नु पुस्तकको महत्वपूर्ण पक्ष हो। यसले कक्षाकोठाभित्र हुने सामान्य लाग्ने घटना, विद्यार्थीका जिज्ञासा, उनीहरूका आनीबानी र शिक्षकका संवेदनालाई लेखकले रोचक ढङ्गले अभिव्यक्त गर्नुभएको छ। पाठकले पुस्तक पढ्दै जाँदा आफ्नै विद्यालय जीवन, शिक्षक र सहपाठीका स्मृतिलाई पुनः सम्झने अवसर पाउँछन्। लेखकलाई 'म' पात्रको शैलीबाट सबै शिक्षकका अनुभव अभिव्यक्त गर्नुभएको छ।

सस्मरण र निबन्धको मिश्रित शैलीमा लेखिएको पुस्तक विशेषगरी शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक नेतृत्व र शिक्षा क्षेत्रमा रुचि राख्ने पाठकका लागि यो उपयोगी हुने देखिन्छ। पुस्तकले विद्यालय शिक्षाका सकारात्मक पक्ष मात्र होइन, सुधार गर्नुपर्ने विषयलाई पनि सङ्केत गरेको छ। शिक्षक-विद्यार्थीका सम्बन्धमा विश्वास, संवाद र सहकार्यको महत्वलाई पुस्तकले विशेष रूपमा उजागर गरेको छ। बदलिँदो शैक्षिक परिवेशमा शिक्षकको भूमिकालाई पुनः विमर्श गर्ने आधार पनि यसले प्रस्तुत गर्छ।

सेवानिवृत्तिको सङ्घारमा प्रकाशित यो कृति लेखकले बिताएका ३५ वर्षको अनुभवको सार हो। एक शिक्षकले कक्षाकोठाभित्र देखेका, भोगेका र अनुभूत गरेका पक्षलाई शब्दमा उतारिएको यो पुस्तक नेपाली शिक्षा क्षेत्रको अनुभवमूलक दस्तावेजका रूपमा लिन सकिन्छ। विद्यार्थीको समस्या विद्यार्थीकै तहबाट नबुझेसम्म शिक्षकले विद्यार्थीलाई सही मार्गमा लान सक्दैन। शिक्षक, विद्यार्थी र अभिभावक र सरोकार भएकाहरूको चाहना राज्य र सम्बन्धित निकायले नबुझेसम्म शिक्षामा सुधार हुन सक्दैन भन्ने निचोड पुस्तकले दिएको छ।

पुस्तकले शिक्षकको हैसियत, स्वाभिमान, मर्यादा, पीडा र दायित्वलाई घटनामूलकरूपमा परिचर्चा गरेको छ। विद्यार्थीको चाहनाबमोजिम शिक्षकले पढाएका छन् या छैनन् मात्र होइन विद्यार्थीले शिक्षकको चाहनालाई बुझ्न सकेका छन्, छैनन् भन्ने कुरालाई पनि चिन्तन गरिएको छ। शिक्षक, विद्यार्थी र अभिभावकबीचका खाडल पूर्तिमा देखिएका समस्या र समाधानलाई पनि पुस्तकले मार्गनिर्देश गरेको छ। आम्दानी गर्न सक्ने सीपसँग शिक्षालाई जोड्न सकिएमा नेपाली शिक्षा सुधारको बाटोमा सहज लम्कने लेखकको निचोड रहेको छ। समग्रमा, पुस्तकले शिक्षण पेसाको गरिमा, शिक्षक-विद्यार्थीको सम्बन्धको आत्मीयता र विद्यालय जीवनका अनुभव व्यक्तिका मात्र होइनन्, सार्वजनिक सम्पत्ति हुन् भन्ने देखाएको छ। नेपाली शिक्षा जगत्को यथार्थ बुझ्न चाहने पाठकका लागि यो पुस्तक पठनीय र सङ्ग्रहणीय बन्न सक्छ। पुस्तक बिक्रीबाट आर्जित रकमको आधा 'कृष्ण-बिन्दा शिक्षाकोष' मा जम्मा गर्ने लेखकीय घोषणालाई पनि शिक्षा सुधार र विकासमा लेखकको समर्पण थप झल्कन्छ।

अनुभव निबन्ध भनिए पनि कुनै आलेखमा कथा, कुनैमा सस्मरण, कुनैमा घटना विवरण जस्तो देखिनु पुस्तकको विशेषता र कमजोरी पनि हो। घटनासहितको संस्मरण दिँदा वास्तविक नाम या पात्रहरूको उल्लेख गरिएको भए सुनमा सुगन्ध हुने थियो।

# इन्धन र विद्युतीय चार्जिङ युनिटमा अतिरिक्त शुल्क उठाउन यातायात व्यवसायीको सुझाव

काठमाडौँ। यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले दुर्घटना राहत कोषलाई बलियो बनाउन पेट्रोलियम पदार्थमा प्रतिलिटर एक रुपैयाँ र विद्युत् चार्जिङ शुल्कमा प्रतियुनिट रु एक रुपैयाँ अतिरिक्त शुल्क उठाउन सुझाव दिएको छ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै महासङ्घले संशोधनको प्रक्रियामा रहेको सवारी ऐनमा सवारी दुर्घटनाका पीडितको तत्काल उद्धार, उपचार र क्षतिपूर्तिका लागि 'दुर्घटना राहत कोष' स्थापनाका लागि अतिरिक्त शुल्क उठाउन सुझाव दिएको हो।

महासङ्घका महासचिव डेकनाथ गौतमले देशभर सञ्चालनमा रहेका निजी तथा सार्वजनिक सवारीसाधनले प्रयोग गर्ने पेट्रोल र डिजेलमा प्रति लिटर एक रुपैयाँ थप गर्ने, विद्युतीय सवारी साधनले खपत गर्ने प्रतियुनिट बिजुलीमा एक रुपैयाँ थप गर्ने सुझाव सरकारलाई दिइएको जानकारी दिनुभयो। यसबाहेक, बिमा कम्पनीले सङ्कलन गर्ने तेस्रो पक्ष बिमा प्रिमियमको एक प्रतिशत रकम कोषमा जम्मा गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारले वार्षिक रूपमा एकमुष्ट रकम कोषमा जम्मा गर्ने प्रस्ताव पेस गरिएको उहाँले बताउनुभयो।

महासचिव गौतमले दुर्घटनापछि घाइतेको तत्काल उद्धार र उपचारका लागि कतिपय अवस्थामा बीमा रकमले मात्र नपुग्ने भएकाले यस्तो अवस्थामा पीडितलाई तत्काल राहत दिन र उपचार खर्चको व्यवस्थापन गर्न उक्त कोषले सहयोग पुग्ने उल्लेख गर्नुभयो।

कुनै दुर्घटनामा हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउनुपर्ने भएमा वा सवारी धनीले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा सोही कोषबाट खर्च गरिनेछ। महासङ्घले आफूहरुले दिएको सुझावलाई हाल तयार भइरहेको सवारी ऐन, २०८३ को परिच्छेद १० मा समावेश गर्न आग्रहसमेत गरेको छ।

# उद्योग विभागद्वारा ५८ अर्ब बराबर वैदेशिक लगानीको प्रतिबद्धता स्वीकृत

काठमाडौं। उद्योग विभागले आर्थिक वर्ष २०८२/८३ मा रु ५८ अर्ब एक करोड ८५ लाख ३०५ बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता स्वीकृत गरेको छ। विभागले गत साउनदेखि असार मसान्तसम्मको अवधिमा 'अटोमेटिक रुट'बाट रु नौ अर्ब ५८ करोडका ८९७ वटा परियोजना र 'अप्रुभ्ट रुट'बाट भने रु ४८ अर्ब ४१ करोड ६६ लाख तीन हजार २५ लागतको दुई सय १९ परियोजनाका लागि वैदेशिक लगानीको प्रतिबद्धता आएको जनाएको छ।

विभागका अनुसार गत आवमा उत्पादनमूलक क्षेत्रमा ६३ परियोजनाका लागि रु तीन अर्ब ९१ करोडको वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो। त्यसैगरी ऊर्जामूलक क्षेत्रअन्तर्गत चार वटा परियोजनाका लागि रु सात अर्ब १६ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको छ।

त्यस्तै कृषिमूलक क्षेत्रका लागि १८ वटा परियोजनामा रु २३ अर्ब १८ करोडको वैदेशिक लगानीको प्रतिबद्धता आएको छ। पर्यटन क्षेत्रका लागि दुई सय २७ परियोजनामा रु १३ अर्ब ९९ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको विभागले जनाएको छ। त्यसैगरी सूचनाप्रविधिमूलक क्षेत्रमा सात सय २७ परियोजनाका लागि रु दुई अर्ब ८३ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको छ।

# वीरगन्ज भन्सारद्वारा गत आवमा साढे दुई खर्ब राजस्व संकलन

काठमाडौँ। वीरगञ्ज भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा रु दुई खर्ब ४३ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ।

कार्यालयले गत आर्थिक वर्षमा वार्षिक लक्ष्यको ८९ दशमलव १९ प्रतिशत राजस्व सङ्कलन गरेको सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिनुभयो। कार्यालयका लागि गत आर्थिक वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। भन्सार विभागले गत आर्थिक वर्षभरिमा देशभरका सबै भन्सार कार्यालयबाट रु पाँच खर्ब ८८ अर्ब २५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। विभागको कुल वार्षिक लक्ष्यमा वीरगन्ज कार्यालयको योगदान ४१ दशमलव ४५ प्रतिशत रहेको छ।

कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७४ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको थियो।

साथै पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रू १९ अर्ब ३४ करोड, चैतमा रु २२ अर्ब ८२ करोड, वैशाखमा रु २१ अर्ब ७४ करोड, जेठमा रु २२ अर्ब ३२ करोड र असारमा रु २२ अर्ब चार करोड राजस्व सङ्कलन गरेको छ।

# अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन वृद्धि

गण्डकी। अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको आगमन वृद्धि भएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा पाँच लाख आठ हजार ४७६ जना विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ।

आव २०८१/८२ को तुलनामा गत आवमा दोब्बर बढी पर्यटक यहाँ आएका बताउँदै आयोजना प्रमुख डा रवीन कडारियाले आव २०८१/८२ दुई लाख ७८ हजार ११३ जनाले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका जानकारी दिनुभयो। "गत आवमा पर्यटक आगमनमा नयाँ अभिलेख कायम भएको छ, सबैभन्दा बढी तीन लाख ७५ हजार ७९७ भारतीय पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन्", उहाँले भन्नुभयो।

आयोजना प्रमख डा कडारियाका अनुसार दोस्रोमा चिनियाँ १२ हजार ५३९ र तेस्रोमा अमेरिकाका नौ हजार ८८४ पर्यटक यस क्षेत्रमा आएका हुन्। गत आवमा १६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका आयोजना कार्यालयको तथ्याङ्कले देखाएको छ। तीमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार १४५ र अन्य मुलुकका एक लाख २४ हजार ३३१ रहेका छन्। "गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झण्डै ३०० प्रतिशतले वृद्धि भयो", प्रमुख डा कडारियाले भन्नुभयो, "भारतीय पर्यटक यति ठूलो सङ्ख्यामा आएका यो पहिलोपटक हो", भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचार प्रसारलगायत कारणले भारतीय पर्यटक बढेका उहाँको भनाइ छ। उक्त याममा गर्मी छल्न भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन्। वैशाख-जेठ महिनामा पर्यटकीय राजधानी पोखरामा होटलको 'अकुपेन्सी' ९० प्रतिशतसम्म पुगेको थियो। मनसुन भित्रनुपूर्वको याममा पोखरामा भारतीय पर्यटकको सङ्ख्या बढ्ने गरेको कडारियाले बताउनुभयो।

# ब्राउन सुगरसहित एक जना पक्राउ

झापा। झापाको बिर्तामोडबाट प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय अनारमनी र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीको संयुक्त टोलीले निजलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा भारतको पश्चिम बङ्गाल राज्य, दार्जिलिङ जिल्ला, खोरीबारी ग्रामपञ्चायत बस्ने ३४ वर्षीय कमल बर्मन रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रन्जन अवाले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालयका अनुसार बिर्तामोड नगरपालिका-५ मा रहेको देउराली होटलमा लागुऔषधको अवैध खरिदबिक्री भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरी टोलीले छापा मारेको थियो। होटलको कोठामा बसिरहेका बर्मनलाई जाँच गर्दा निजको साथबाट प्लास्टिकबाहेक ३१ ग्राम ९७० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने लिसाइलो पदार्थ बरामद गरिएको प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिनुभयो। शुक्रबार साँझ पक्राउ परेका बर्मनमाथि इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# तेइस जिल्लामा रातिमा सवारी आवागमन रोक लगाउन निर्देशन

काठमाडौँ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अतिभारी र भारी वर्षाको सम्भावना रहेका २३ जिल्लामा रात्रिकालीन सवारी आवागमनमा रोक लगाउन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ । मनसुन प्रतिकार्य कमाण्ड पोष्टको आजको बैठकले ती जिल्लामा परिस्थितिअनुसार जुनसुकै बेला सवारी आवागमन बन्द गर्न र अन्य जिल्लामा समेत उच्च सतर्कताका लागि अनुरोध गर्ने निर्णय गरेको प्राधिकरणले जनाएको छ । जल तथा मौसम विज्ञान विभागबाट जारी बुलेटिनअनुसार आज र भोलि कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भूभागको एकदुई स्थानमा अतिभारी वर्षाको सम्भावना छ । त्यसैगरी, देशका हिमाली/पहाडी भूभाग, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भूभागका थोरै स्थान तथा मधेस, बागमती र गण्डकी प्रदेशका तराईको एकदुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ ।

प्राधिकरणले पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, धनकुटा, सिन्धुली, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, धादिङ, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी र स्याङ्जामा प्रतिकार्य गर्नुपर्ने सम्भावनाको पूर्वानुमान गरेको छ ।

बैठकले ती जिल्लाका जिल्ला सुरक्षा समिति र स्थानीय तहलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । बैठकले भारीदेखि अतिभारी वर्षाका कारण अचानक बाढी, पहिरो, कटान, गेग्रान बहाव, सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकाले तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहन अनुरोध गरेको छ । जोखिमयुक्त राजमार्ग र सडकहरूमा डोजर, एक्साभेटर, लोडरलगायतका साधनहरू तयारी अवस्थामा राख्न सडक विभाग र अन्य सम्बद्ध निकायलाई अनुरोध गरिएको छ । पूर्वसूचना/चेतावनीअनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्न जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकलाई आग्रह गरिएको छ । आवश्यकताअनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग, सहकार्य र साझेदारी गर्न विकास साझेदार सङ्घसंस्था, नागरिक समाज, सञ्चार जगत्, निजी क्षेत्र, नागरिकलगायत सम्पूर्णलाई अनुरोध गर्ने र आपतकालीन गोदामघरलाई आवश्यक परेमा तुरुन्त परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखेर व्यवस्था मिलाउने बैठकको निर्णय छ ।

# आधुनिक कृषि यन्त्र र प्रविधि एकै थलोमा

काठमाडौँ । मुलुकको कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गर्ने उद्देश्यले आगामी मङ्सिर पहिलो साता यहाँ 'अन्तरराष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी' हुने भएको छ ।

'कृषिमा यन्त्र र प्रविधिः कृषक र राष्ट्रको समृद्धि' भन्ने नारासहित कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र र नेपाल कृषि मेशिनरी व्यवसायी सङ्को संयुक्त आयोजनामा मङ्सिर ४, ५ र ६ गते भृकुटीमण्डपमा प्रदर्शनी आयोजना हुने सङ्की उपाध्यक्ष सुनिता नेमाफुकिले राससलाई जानकारी दिनुभयो ।

यसअघि सरकारसँगको समन्वयमा पाँच वटा राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी सङ्ले आयोजना गरिसकेको छ। प्रदर्शनीमा एक सयभन्दा बढी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रदर्शनीकर्ताको सहभागिता रहनेछ । प्रदर्शनीमा दुई सयभन्दा बढी आधुनिक कृषि औजार, उपकरण, यन्त्र तथा नवीनतम प्रविधि समावेश गरिने जानकारी उपाध्यक्ष नेमाफुकिले दिनुभयो । प्रदर्शनीमा सहभागी हुन राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रका प्रतिष्ठित उत्पादक तथा विक्रेताको सहभागिता सुनिश्चित भइसकेको छ ।

किसान, उद्यमी तथा सर्वसाधारणका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको प्रदर्शनीमा आधुनिक कृषि, पशुपन्छीपालन, मत्स्यपालन, पुष्पखेती, व्यावसायिक तरकारी खेती, आधुनिक सिँचाइ प्रणाली, पोस्ट-हार्भेस्ट प्रविधि, कृषि उपज प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित अत्याधुनिक यन्त्र-उपकरणका साथै उन्नत बीउबिजनसमेत प्रदर्शन गरिने जनाइएको छ ।

# विद्युत् खपत बढाउन पूर्वाधारमा विस्तारमा सरकारको जोड

काठमाडौँ । सरकारले विद्युत् खपत बढाउन नीतिगत एवं प्राविधिक तयारी गरिरहेको बताएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठका अनुसार चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा विद्युतीय पूर्वाधारको विस्तार र स्तरोन्नतिलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । त्यसको खास उद्देश्य नै विद्युत् खपत वृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्नु हो ।

खाना पकाउने एलपी ग्यासलाई क्रमशः विस्थापन गर्ने, विद्युतीय सवारीसाधनको प्रयोगलाई वृद्धि गर्ने लक्ष्यअनुसार विद्युतीय पूर्वाधार विस्तारलाई जोड दिइएको छ ।

विद्युतीय पूर्वाधार निर्माणका लागि रु ८० अर्ब लगानी गरिँदैछ । भरपर्दो प्रसारण, वितरण, आन्तरिक खपत वृद्धि र ऊर्जा व्यापारलाई केन्द्रमा राखेर मन्त्रालयले निरन्तर काम गरिरहेको मन्त्री श्रेष्ठले बताउनुभयो ।

"नागरिकको जीवनशैलीमा परिवर्तन आएको छ । उद्योग व्यवसायको विस्तार भएको छ । देशभर नै विद्युतीय उपकरणको प्रयोगमा बढोत्तरी भएको छ। विद्युतको माग तीव्र गतिमा बढिरहेको छ । जीर्ण तथा न्यून क्षमताका प्रसारण र वितरण पूर्वाधारलाई अत्याधुनिक बनाउने, ट्रान्सफर्मरको स्तरोन्नति गर्ने, प्रसारण प्रणालीमा पछिल्ला प्रविधिको उपयोग गर्ने नीतिअनुसार नै मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ ", उहाँले भन्नुभयो ।

यसैबीच, प्राधिकरणले आफ्नै स्रोतबाट प्रसारण तथा वितरण प्रणालीको स्तरोन्नतिमा लगानी गर्दै आएको जनाएको छ । चालु आर्थिक वर्षभित्रै विशेष प्राथमिकताका १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्यका साथ काम थालिएको छ ।

चालु आर्थिक वर्षको अन्त्यसम्म ६६ केभी वा सोभन्दा माथिका प्रसारण लाइनको कूल लम्बाइ सात हजार ८४८ सर्किट किलोमिटर पुग्ने छ ।

हाल प्रतिव्यक्ति वार्षिक विद्युत् खपत करिब ४६० किलोवाट घण्टा रहेको छ । आगामी १० वर्षभित्र यसलाई एक हजार ५०० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। प्राधिकरणका अनुसार हाल राष्ट्रिय माग दुई हजार ३१९ मेगावाट बराबर छ। प्राधिकरण, प्राधिकरणका सहायक कम्पनी र निजी क्षेत्रका आयोजना यतिबेला पूर्ण क्षमताका सञ्चालन भइरहेका छन् ।

# वाणिज्य विभागद्धारा गैरकानुनी रूपमा फुटवेयरको ब्यापार नगर्न आह्वान

काठमाडौँ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गैरकानुनी ढङ्गले फुटवेयर (जुत्ता, चप्पल) को व्यापार/व्यवसाय नगर्न सरोकार भएका सबैलाई अनुरोध गरेको छ ।

विभागले शुक्रबार सार्वजनिक सूचना जारी गरेर गैरकानुनी रूपमा फुटवेयरको व्यापार/व्यवसाय नगर्ने/नगराउने विषयमा सूचना जारी गर्दैसरोकार भएका सबैलाई समन्वय र सहयोगका लागि आह्वान गरेको हो ।

विभागले बजारमा लेवल नभएका, नक्कली तथा कम गुणस्तर भएका, चोरी पैठारी गरिएका फुटवेयर (जुत्ता, चप्पललगायत) उत्पादनको भौतिक तथा डिजिटल माध्यमबाट बिक्री वितरण भइरहेको भनी विभिन्न माध्यमबाट उजुरी तथा गुनासो प्राप्त भएको सम्बन्धमा गम्भीर ध्यानार्कषण भएको जनाएको छ । विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ मा उत्पादकले आफूले उत्पादन गरेका वस्तुमा ऐनले तोके बमोजिमको लेवल लगाउनुपर्ने जनाएको छ । विभागले सोही ऐनको दफा ८ मा भएको व्यवस्था अनुसार पैठारीकर्ताले वस्तु पैठारी गर्दा कानुन बमोजिमका शर्त पूरा गर्नसमेत अनुरोध गरेको छ। विभागले सोही ऐनको दफा ११ मा वस्तु बिक्री गर्ने बिक्रेताको दायित्वलगायत कानुनी प्रावधान बमोजिम उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको जनाएको छ ।

विभागले सबै उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताहरूलाई कानुनले तोके बमोजिमको दायित्व तथा शर्त परिपालना गरी उद्योग व्यवसाय सञ्चालन गर्न गराउन हुन सूचित गरेको छ। विभागले कानुन विपरितका कार्य भएगरेको पाइएमा कानुन बमोजिम कडाभन्दा कडा कारबाही गरिने व्यहोरा सबैलाई जानकारी गराएको छ ।

# म्याग्दीको विकासमा सघाउने मन्त्री पुनको प्रतिबद्धता

गण्डकी । विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले म्याग्दीको बेनी-दरबाङ सडकअन्तर्गत फापरखेतको पहिरो नियन्त्रणका लागि सक्दो प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

शनिबार आफ्नो निर्वाचन क्षेत्रमा आउनुभएका मन्त्री पुनले सडकको निरीक्षणपछि यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो । "चालु आर्थिक वर्षमा पहिरो नियन्त्रणका लागि सङ्घबाट रु चार करोड विनियोजन भएको छ, एक वर्ष भित्रमा समस्या समाधान हुनेमा विश्वस्त छु," उहाँले भन्नुभयो । करिब ३० वर्षदेखि उक्त स्थानमा पहिरोको समस्या छ ।

सडक माथिबाट खसेको पहिरोका कारण वर्षायाममा सडक अवरुद्ध हुँदा मङ्गला, मालिका र धवलागिरि गाउँपालिकावासीले आवतजावतमा सास्ती खेप्दै आएका छन् । शनिबार नै मन्त्री पुनले प्रदेश अस्पतालको निर्माणाधीन भवनबारे जानकारी लिनुभएको छ । उहाँले अस्पतालमा विशेषज्ञ चिकित्सकको व्यवस्था र उपकरणका लागि सक्दो प्रयास गर्ने बताउनुभयो ।

साथै मन्त्री पुनले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा पर्ने बैसरी पहिरो रोकथाममा भएका प्रयासबारे पनि जानकारी दिनुभएको थियो ।

# मधेस प्रदेशमा ५८ प्रतिशत धान रोपाइँ

जनकपुरधाम। यसवर्ष समयमै वर्षा नहुँदा असारको अन्तिमसम्म मधेस प्रदेशमा करिब ५८ प्रतिशत खेतीयोग्य जग्गामा धान रोपाइँ भएको छ ।

मधेस प्रदेश कृषि विकास निर्देशनालय नक्टाझिज धनुषाका अनुसार असारसम्ममा मधेस प्रदेशमा कुल क्षेत्रफलको ५७ दशमलव ९३ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको हो । त्यसमध्ये सबैभन्दा बढी सिरहामा ८० प्रतिशत क्षेत्रफलमा सबैभन्दा कम महोत्तरीमा ३९ दशमलव ५९ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो । जिल्लागत हिसाबले सप्तरीमा ६८ हजार हेक्टर जग्गमध्ये ३४ हेक्टर, सिरहामा ५४ हजार हेक्टर जग्गामध्ये ४३ हजार २०० हेक्टरमा धान रोपाइँ भएको अधिकृत विश्वकर्माले जानकारी दिनुभयो । यस्तै, धनुषामा ४३ हजार ७०० हेक्टर जग्गामध्ये २१ हजार ८५० हेक्टर, महोत्तरीमा ४० हजार हेक्टर जग्गामध्ये १५ हजार ८३८ हेक्टर, सर्लाहीमा ४२ हजार ६९५ हेक्टरमध्ये २५ हजार ६१९ हेक्टर, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये २१ हजार १७५ हेक्टर, बारामा ४५ हजार १०० हेक्टरमध्ये २४ हजार ८०५ हेक्टर र पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ३५ हजार ५९ दशमलव सात हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको विश्वकर्माले बताउनुभयो ।

कृषि प्राविधिकहरूका अनुसार असारभित्र धान रोपाइँ सम्पन्न गर्नसके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम अहिले प्रदेशभरि एकैसाथ भइरहेको छ । यस वर्ष किसानले उन्नत जातका धानका बिउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा पनि ध्यान दिएका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com